आज मिति २०७९ साल पौष २९ गते बिहान ११ : ०० बजे यस सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०७९/०८० को सातौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिती :

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम बुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओबिलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा. | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री दिनेश पौडेल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |

सहयोगी कर्मचारीहरु

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | रनविर बुढा | प्रशासन शाखा प्रमुख | |
| २ | विगन श्रेष्ठ | सूचना प्रविधि अधिकृत | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गन बहादुर थापा | कार्यालय सहयोगी | |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

## सातौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१) गाउँपालिकाका गतिविधि समिक्षा सम्बन्धमा ।
२) स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अन्तिम नतिजा अनुमोदन सम्बन्धमा ।
३) भवन निर्माण कार्यको बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।
४) नविकरणीय उर्जा प्रविधि जडान सम्बन्धमा ।
५) भुक्तानी तथा अनुमोदन सम्बन्धमा ।
६) टोल विकास संस्था (गठन तथा परिचालन) सम्बन्धी कार्यविधि, २०७९ स्वीकृति सम्बन्धमा ।
७) विविध छलफल सम्बन्धमा ।

## २०७९ पौष २९ गते बसेको सातौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १ | समिक्षा सम्बन्धमा । | चालु आ.व.मा यस गाउँपालिकाबाट भए गरेका योजना तथा कार्यक्रमहरुको समीक्षा गरी कमजोरीका पक्षको पहिचान गरी सुधारका लागि सिफारिस गर्ने। | हालसम्म भए गरेका योजना तथा कार्यक्रमहरु माथि प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी गराउने काम सम्मपन्न भयो । आगामी दिन योजना सम्झौता, अनुगमन र भुक्तानी प्रणालीलाई थप व्यवस्थित र सरलीकृत गर्नुपर्ने देखिएकोले यसलाई भरपर्दो विद्युतीय प्रणालीमा आवद्ध गर्ने गरी कार्य अगाडी बढाउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको अन्तिम नतिजा अनुमोदन सम्बन्धमा । | आ.व. २०७८।०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्त नतिजा कार्यपालिकाबाट स्वीकृत भै अन्तिम नतिजा सार्वजनिक सार्वजनिक गर्नु पर्ने भएको। | आ.व. २०७८।०७९ को स्थानीय तहको संस्थागत स्वमूल्याङ्कनका कार्य सम्पन्न भै जिल्ला समन्वय समितिबाट पृष्टपोषण गर्ने कार्य समेत सम्पन्न भै सकेकोले सोको प्राप्त नतिजा (६९%) लाई अनुमोदन गरी अन्तिम नतिजा सार्वजनिकीरणको लागि स्वीकृति प्रदान गर्ने तथा कमजोर क्षेत्रहरुलाई सुधार गरी आगामी आ.व.मा उत्कृष्ट नतिजा प्राप्त गर्न कार्यालयलाई निर्देशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | भवन निर्माण कार्यको बोलपत्र आह्वान गर्ने सम्बन्धमा । | यस गाउँपालिकाबाट सञ्चालन हुने ठुला खालका भवन निर्माण कार्यको बोलपत्र आह्वान गर्न आवश्यक देखिएको । | यस गाउँपालिका अन्तर्गत अरेश स्वास्थ्य चौकी, तेबाङ स्वास्थ्य चौकी र ६ नं. वडा कार्यालय भवन निर्माण प्रकृया आगाडि बढाउने सम्बन्धमा प्राविधिक दृष्टिकोणबाट Soil test गर्नुपर्ने भनि प्राविधिकबाट सिफारिस भएतापनि आ.व. २०७८/०७९ को अन्तिम लेखापरीक्षणका क्रममा उक्त आ.व.मा भएका सबै माटो परीक्षणको काममा खर्च भएको विषयलाई औचित्यहिन खर्च भनि म.ले.प. ले बेरुजु औंल्याएको देखिएकोले उल्लिखित योजनाहरुको Soil Test नगरी बोलपत्रको आह्वान गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | नविकरणीय उर्जा प्रविधि जडान सम्बन्धमा । | नवीकरणीय उर्जा प्रविधि जडान (बायोग्यासँ/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) वापत विनियोजन रु. ८,०००००।- (अक्षरुपी आठ लाख रुपैया मात्र) रुपैयालाई बाँडफाँड गर्न आवश्यक रहेको । | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (शसर्त अनुदान) खर्च शिर्षक ३११५९, नवीकरणीय उर्जा प्रविधि जडान (बायोग्यासँ/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य उर्जा) वापत विनियोजन रु. ८,०००००।- (अक्षरुपी आठ लाख रुपैया मात्र) रकमलाई बायोग्यास तर्फ चार लाख रुपैया र सौर्य उर्जा तर्फ चारलाख रुपैया रकम बाँडफाँट गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ५ | भुक्तानी तथा अनुमोदन सम्बन्धमा । | यस गाउँपालिकाबा भुक्तानी भएको रकम तथा भुक्तानी गर्नुपर्ने रकम अनुमोदन तथा स्वीकृत गर्नुपर्ने । | यस गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई बस्ती स्तरबाट सञ्चालन गरि लाभग्राहीलाई सहजताका लागि सामाजिक सुरक्षा भत्ता वितरण कार्यमा प्रयोग भएको गाडि भाडा वापत रु. १,२६,०००।- (अक्षरुपी एक लाख छब्विस हजार मात्र) तथा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय रोल्पाको सामाग्री खरिद वापत रु. ३०,६००।- (अक्षरुपी तीस हजार छ सय मात्र) रकम भुक्तानी भैसकेको हुदा उक्त भुक्तानी मनासिब देखिएकोले अनुमोदन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ६ | टोल विकास संस्था (गठन तथा परिचालन) सम्बन्धी कार्यविधि, २०७९ स्वीकृति सम्बंन्धमा । | गाउँपालिकालाई आवश्यक पर्ने टोल विकास संस्था (गठन तथा परिचालन) सम्बन्धी कार्यविधि, २०७९ स्वीकृत गर्न आवश्यक रहेको । | गाउँपालिकालाई आवश्यक पर्ने " टोल विकास संस्था (गठन तथा परिचालन) सम्बन्धी कार्यविधि, २०७९ स्वीकृति" लाई स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको । क) व्याक हो लोडर लिलाम विक्रि गर्ने सम्बन्धमा । | क) गाउँपालिकाको नाममा रहेको व्याक हो लोडरमा बारम्वार समस्या आई सडकको नियमित मर्मत संभार गर्ने कार्य अवरुद्ध भएको र उक्त मेसिनको पटक पटक मर्मत गरिरहनु पर्दा व्ययभार बढेको साथै मेसिन मर्मतामा भएको खर्च लाभ लागत (cost-benifit) को दृष्टिवाट समेत उपयुक्त नदेखिएकोले उक्त मेसिनलाई प्रचलित कानूनको विधि पूरा गरी लिलाम विक्रि गर्ने र अर्को आ.व.मा सभाको अनुमति लिई नँया मेसिन खरिद गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

प्रमुख प्रशासकीय अधिकृत

मणिराम बुढाथोकी
अध्यक्ष